# धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय

## धरान, सुनसरी, प्रदेश नं. १, नेपाल

## नगर कार्यपालिका बैठक

## बैठक संख्या १६/०७६/०७७

आज मिति २०७७ साल जेष्ठ १८ गते आईतबार बिहान ८:०० बजे धरान उपमहानगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री तिलक राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थितीः

| क.स. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री तिलक राई | नगर प्रमुख | धरान उपमहानगरपालिका | |
| २. | श्री मञ्जु भण्डारी सुवेदी | नगर उप-प्रमुख | धरान उपमहानगरपालिका | |
| ३. | श्री रोशन अधिकारी | वडा अध्यक्ष | धरान-१ | |
| ४. | श्री दिलबहादुर तामाङ्ग | का.वा. वडा अध्यक्ष | धरान-२ | |
| ५. | श्रीं आशा कुमार श्रेष्ठ | वडा अध्यक्ष | धरान-३ | |
| ६. | श्री मानबहादुर राई | वडा अध्यक्ष | धरान-४ | |
| ७. | श्री सन्तोष लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ८. | श्री भुवनसिं वस्नेत | वडा अध्यक्ष | धरान-६ | |
| ९. | श्री जिवन सुवेदी | वडा अध्यक्ष | धरान-७ | |
| १०. | श्री रुद्रबहादुर लिम्बु | वडा अध्यक्ष | धरान-८ | |
| ११. | श्री रत्न बहादुर कटुवाल | वडा अध्यक्ष | धरान-९ | |
| १२. | श्री श्रीप्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-१० | |
| १३. | श्री बाबुलाल लामा | वडा अध्यक्ष | धरान-११ | |
| १४. | श्री टंकबहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १५. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १६. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १७. | श्री नरेश कुमार इवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १८. | श्री दिलकुमार गिरी | वडा अध्यक्ष | धरान-१६ | |
| १९. | श्री सुर्यबहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| २०. | श्रीं ~~नरेन्द्र कुमार सई~~ जमुना त्रि गाते | वडा अध्यक्ष | धरान-१८ | |
| २१. | श्री पुर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २२. | श्री मणिराम राई | वडा अध्यक्ष | धरान-२० | |
| २३. | श्री सुवास राई | नगर कार्यपालिका सदस्य | धरान-१७ | |
| २४. | श्री कैलाश अग्रवाल | नगर कार्यपालिका सदस्य | धरान-२ | |
| २५. | श्री किशोर परियार | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २६. | श्री गिता पाखिन | नगर कार्यपालिका सदस्य | धरान-७ | |
| २७. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २८. | श्री कल्पना थापा | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २९. | श्री लिलामाया गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| ३०. | श्री हिरादेवी राई | नगर कार्यपालिका सदस्य | धरान-१६ | |
| ३१. | श्रीं विदुर प्रसाद खनाल | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव | |

| क.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री गणेश प्रसाद खतिवडा | वरिष्ठ प्रशासकीय अधिकृत | |

वैठकमा छलफल र निर्णय भएका विषयहरु:-

क) पि. सी. आर. टेष्टका लागि भि टि एम तथा फिल्टर ट्यूव खरिद गर्ने सम्बन्धमा:-

हाल विश्वव्यापी महामारीको रुपमा फैलिरहेको नोवल कोरोना भाईरसको रोकथामकालागि नगरबासीहरुको पि सि आर टेष्ट गर्न जरुरी भएकाले सो कार्यकालागि वि. पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठानसंग समन्वय गर्दा भि टि एम तथा फिल्टर ट्यूव भएमा पि सी आर टेष्ट गर्न सकिने जानकारी प्राप्त भएकाले नगरबासीको पि सी आर टेष्ट गर्न कम्तिमा ७००० । भि टी एम तथा फिल्टर ट्यूव खरिद गर्ने निर्णय गरियों ।

ख) अन्य विविध विषय

१. राहात खरिदको अनुमोदन गर्ने सम्बन्धमा:-

हाल विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस COVID-19 को कारणले मुलुकमा भएको आवागमन निषेध (Lock Down) वाट अति विपन्न तथा दैनिक मजदुरी गरि खाने नगरवासीहरुलाई तेश्रो चरणको राहत उपलब्ध गराउनुपर्ने अवस्था आएकोहुँदा वडाहरुवाट राहात पाउनेहरुको संकलन भएको नामावली अनुसार राहात उपलब्ध गराउन राहत समितिको सिफरिसमा देहायका राहत सामग्रीहरु सार्वजानिक खरीद नियमावली २०६४ को नियम १४५ बमोजिम ३ दिनको समय दिई दररेट मागगरी वार्ताबाट खरीद गरी वितरण गरिएकोलाई अनुमोदन गरियो ।

राहत सामग्रीको विवरण

सोना मन्सुली चामल:- १,७०,३७० के.जी.

मुसुरीको दाल:- १५,००० के.जी.

२. हावाहुरीवाट क्षति पुर्याएका पिडितहरुलाई सहयोग गर्ने सम्बन्धमा:-

गएको साता आएको हावाहुरीले नगरका विभिन्न वडाहरुमा घरका छाना उडाई उक्त घर मर्मतकालागि सहयोग मागभै वडावाट समेत सिफारिस भएका तपशिलका व्यक्तिहरुलाई छाना पुर्न निर्माणका लागि तपशिल अनुसारको रकम प्रकोप व्यबस्थापन कोषवाट सहयोग गर्ने निर्णय गरियो ।

- वडा नं १४ हात्तीसार पथ मिना राई किचनको छाना मर्मत गर्न रु. १५०००/-
- वडा नं १४ हात्तीसार पथ डल्लीमाया सार्की घरको छाना मर्मत गर्न रु. १००००/-
- वडा नं १४ वमधारा मार्ग कमल भण्डारी किचनको छाना मर्मत गर्न रु. १२०००/-
- वडा नं १७ उदय मार्ग निरवहादुर श्रेष्ठ घरको छाना मर्मत गर्न रु. १००००/-
- वडा नं १७ नमुना मार्ग अक्षकुमार राई घरको छाना मर्मत गर्न रु. २००००/-
- वडा नं १७ त्रिवेणी चौक रमेश श्रेष्ठ घरको छाना मर्मत गर्न रु. १००००/-
- वडा नं १७ चतारा मार्ग मनोज दर्जी घरको छाना मर्मत गर्न रु. १००००/-
- वडा नं १७ चतारा मार्ग तिलवहादुर विश्वकर्मा घरको छाना मर्मत गर्न रु. १००००/-

३. अन्य प्रकोप पिडितहरुलाई सहयोग गर्ने सम्बन्धमा:-

धरान उपमहानगरपालिका वडा नं. ६ मा विभिन्न मितिमा प्राप्त तपशिलका प्रकोपहरुबाट क्षति पुऱ्याएको हुँदा सहयोगका लागि वडाबाट मिति २०७६/१०/०९ को पत्र मार्फत सिफारिस भई आएका देहाय अनुसारको रकम प्रकोप व्यवस्थापन कोषवाट सहयोग गर्ने निर्णय गरियो ।

- वडा नं. ६ उखुवारी टोल प्रेमबहादुर कार्कि जंगली हात्तीले उखु र मकै बालि क्षती रु. १००००/-
- वडा नं. ६ उखुवारी टोल रामकुमारी सार्की हात्तीले घर भत्काएको ७०००/-
- वडा नं. ६ प्रणामी टोल रामप्रसाद निरौला चट्याङ्गले घरको वाइरिङ्ग, मिटरबक्स जलेको ५०००/-
- वडा नं. ६ भिमबहादुर पौडेल गोदाममा आगलागी रु. १२०००/-

४. योजनाहरुको म्याद थप सम्बन्धमा:-

हाल विश्वव्यापी रुपमा संक्रमणको रुपमा फैलिएको नोवल कोरोना भाईरसको रोकथामकालागि देशैभरी लकडाउन गरिएकोले चालु आ.ब. को असार मसान्त सम्ममा काम सम्पन्न गर्नेगरी सम्झौता भई संचालन भइ रहेका योजनाहरुको काम समेत रोकिएका कारण त्यस्ता चालु योजनाहरुको काम तोकिएको समयमा सम्पन्न हुन नसक्ने भएकाले ६ महिना सम्म म्याद थपिदिने निर्णय गरियो ।

५. दररेट स्वीकृत गर्ने सम्बन्धमा:-

क) ढोकाको दररेट सम्बन्धमा ।

धरान उपमहानगरपालिकाको आ.व. ०७६/०७७ को लागि उपमहानगरपालिकालाई आवश्यक पर्ने रेडिमेड ढोका, फिटिङ्ग र ढोकाको लागि आवश्यक कब्जा, हेन्डल आदि सहितको सामाग्रीहरुको तपसिल बमोजिमको दररेट स्वीकृत गरियो ।

I. 25 mm readymade door 7×2.5 को जम्मा रकम ६०७७.२/-
II. 25 mm readymade door 7×3 को जम्मा रकम ६८५४.८४/-
III. 25 mm readymade doo 7×4 को जम्मा रकम ८४१५/-
IV. 25 mm readymade door 7×3.5 को जम्मा रकम ७६२१.४८/-
V. 32 mm readymade door 7×4 को जम्मा रकम ११६९.८/-
VI. 32 mm readymade door 7×3.5 को जम्मा रकम १००५४.८२/-
VII. 32 mm readymade door 7×3 को जम्मा रकम ८९४०.५६/-
VIII. 32 mm readymade door 7×2.5 को जम्मा रकम ७८२६.३०/-

ख) एल.इ.डि लाईटको दररेट सम्बन्धमा ।

धरान उपमहानगरपालिकाको आ.व. ०७६/७७ को स्वीकृत कार्यक्रमबाट एल.इ.डि २०० वार्डको लाईट खरिद गरी लगाउने प्रयोजनका लागि सुनसरी उद्योग वाणिज्य संघबाट उपलब्ध भएको प्रति लाईटको दर रु. १६३००/- स्वीकृत गर्ने निर्णय गरियो ।

ग) फाईबरको मुर्तिको दररेट सम्बन्धमा ।

धरान उपमहानगरपालिकाको आ.व. ०७६/७७ को स्वीकृत कार्यक्रमबाट ५ फिट उचाईको फ़ाईबरका मुर्तिहरु बनाउने प्रयोजनका लागि रु. १८००००/- दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

६. वडाहरुवाटै राहात खरिद र वितरण गर्दाको खर्च भुक्तानी गर्ने सम्बन्धमा:-

कोभिड-१९ को कारणले उत्पन्न संकटमा राहत व्यवस्थापन गर्ने सिलसिलामा यस उपमहानगरपालिकाका विभिन्न वडाहरुमा प्रकोप व्यवस्थापनका लागि बजेट नभएर वा भएको रकम समेत अपुग भई राहतको

व्यवस्थापनमा खर्च गर्नुपर्ने राहत खरिद, ढुवानी, वितरण, प्याकिङ लगायत त्यसैसँग सम्बन्धीत काममा र कोरोनाको महामारी विरुद्ध सचेतना जगाउने र व्यवस्थापन गर्ने सिलसिलामा मात्र आवश्यक रकम अन्य विभिन्न चालु तर्फ विनियोजन कार्यक्रम खर्चको बजेटबाट गर्नेगरी सम्बन्धीत वडा समितिको निर्णय भई आएमा सोही अनुसार भुक्तानी गर्ने र यस अघि भएको यस किसिमको खर्चलाई समेत अनुमदोन गर्ने ।

**७. लेखा प्रणालीमा सच्याई दिने सम्बन्धमाः-**

मिति २०७६ फाल्गुन २ र ३ मा सम्पन्न नगरसभाबाट थप विनियोजन वा रकमान्तर भएका वडाका कार्यक्रम तथा आयोजनाहरुको रकमान्तर वा विनियोजनमा प्राविधिक कारणले फरक परेको देखिएकाले त्यसलाई वडा समितिको तत्कालको निर्णय अनुसार लेखाको प्रणालिमा सच्चाईदिने निर्णय गरियो ।

**८. रकमान्तर सम्बन्धमाः-**

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को कारणले लकडाउन हुँदा मारमा परेका विपन्न नागरिकहरुको लागि राहत प्रदान गर्न चालु आ.व.मा विनियोजन भएको प्रकोप(विपद) व्यवस्थापन कोष तथा आकस्मिक कोषको रकमले समेत अभाव भएको र नेपाल सरकारको स्थानीय तहको जुनसुकै श्रोतको बजेटबाट राहतका लागि खर्च गर्ने निर्देशन भए अनुसार यस आ.व.मा लकडाउन लगायत अन्य विभिन्न कारणले गर्दा पूर्ण रुपमा कार्यान्वयन हुन नस्कने कार्यक्रम तथा पूर्वाधार आयोजनाहरुको केही रकम प्रकोप व्यवस्थापन कोषमा रकमान्तर गर्ने प्रकृया अघि बढाउन मिति २०७७/०१/०९ को कार्यपालिकाको सैद्धान्तिक निर्णयानुसार कार्यालयको मिति २०७७/०१/३१ को प्रमुख स्तरीय निर्णयबाट गरिएको रु. २ करोड रकमान्तरको निर्णयलाई आगामी नगर सभाबाट अनुमोदन हुने गरी अनुमोदन गर्ने निर्णय गरीयो ।रकमान्तरको विस्तृत विवरण पछाडी टाँस गरी प्रमाणित गरिएको छ ।

धरान उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कोरोना राहत कोषको लागि पूर्वाधार आयोजनाहरुको बजेट रकमान्तर विवरण

घटाउनेः

| क.सं. | खर्च शीर्षक | आयोजनाको विवरण | बजेट स्रोत | स्वीकृत बजेट | घटाइने रकम |
|---|---|---|---|---|---|
| १ | ३११६१ | सभागृह पुनःनिर्माण | संघीय समानिकंरण अनुदान | २००००००००.०० | ५००००००.०० |
| २ | ३११५९ | एक वडा एक पार्क निर्माण कार्यक्रम | ,, ,, ,, | १००००००००.०० | ३००००००.०० |
| ३ | ३११५१ | जाल्पा रोड सडक निर्माण | ,, ,, ,, | १००००००००.०० | ३००००००.०० |
| ४ | २२५२९ | हेल्थ पार्कको लागि आवश्यक सामग्री खरिद | ,, ,, ,, | ५०००००.०० | ५०००००.०० |
| ५ | ३११५९ | शिवमार्ग पार्क निर्माण | ,, ,, ,, | १६०००००.०० | ८०००००.०० |
| ६ | ३११५९ | रेल्वे चोक सौन्दर्यीकरण तथा व्यवस्थापन | ,, ,, ,, | ७००००००.०० | ३००००००.०० |
| ७ | ३११५९ | विज्ञान पार्क निर्माण | ,, ,, ,, | ६४०००००.०० | ४०००००.०० |
| ८ | ३११५१ | आडा लाइन कालोपत्रे गर्ने काम | ,, ,, ,, | ८००००००.०० | ४३०००००.०० |
| | | जम्मा | | ६३५००००००.०० | २००००००००.०० |

थप गर्नेः

| क.सं. | खर्च शीर्षक | आयोजनाको विवरण | बजेट स्रोत | स्वीकृत बजेट | थप हुने रकम |
|---|---|---|---|---|---|
| १ | ३१५११ | कोरोना राहतको लागि प्रकोप व्यवस्थापन कोषमा जम्मा गर्ने | संघीय समानिकरण अनुदान | ०.०० | २००००००००.०० |
| | | जम्मा | | ०.०० | २००००००००.०० |

आजको बैठक ११.३० मा समाप्त भयो ।